**(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५को नियम -३ बमोजिम सार्वजनिक गरिएको)**

आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिमा (बैशाख देखि आषाढ महिनासम्म) सम्पादित प्रमुख क्रियाकलापहरु

# (स्वतः प्रकाशन)

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय,
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,

## घरेलु तथा साना उद्योग कार्यालय,

रुपन्देही

१. <u>कार्यालयको ऐतिहासिक पृष्ठभूमिः</u>

घरेलु तथा साना उद्योगहरुको स्थापना र उद्योगहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने र औद्योगिक लगानीको वातवरणलाई बढि सुविधाजनक बनाउने नीतिलाई कार्यान्वयन गर्न नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गत वि.सं २०३० सालमा घरेलु तथा साना उद्योग विभागको गठन भएको हो। वि.स. १९९६ मा स्थापित घरेलु तथा इलम प्रचार अड्डाको परिवर्तित तथा परिमार्जित रुप नै घरेलु तथा साना उद्योग विभाग हो। यस विभाग अन्तर्गत साविक ७५ जिल्लामै घरेलु तथा साना उद्योग शाखा कार्यालय रहेकोमा वि.सं. २०४९ सालमा संगठन संरचनामा भएको समायोजन पछि २७ जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय र ४८ जिल्लामा घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरु रहेको थिए। संघीय शासन प्रणालीमा प्रवेश गरेसँगै लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटै जिल्लाका कार्यालय तथा समितिहरु लुम्बिनी प्रदेश अन्तर्गत उद्योग, वन तथा वातावारण मन्त्रालय (हाल आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय), उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहत रही उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धि कार्यहरु (दर्ता, नवीकरण, ठाँउसारी, नामसारी, पूँजीवृद्धि लगायतका कार्यहरु) तथा विभिन्न सीपमूलक तालिम अन्तर्गत उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, उत्कृष्ट उद्यमी छनोट तथा उद्यमी एक्पोजर भिजिट र अन्य विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।

वाणिज्य प्रशासनतर्फ स्थानिय व्यापारसम्बन्धी सम्पूर्ण कार्यजिम्मेवारी प्रदेश सरकार अन्तर्गतको निकाय अन्तर्गत रहने निर्णयानुसार आ.व. २०७८/०७९ देखि स्थानीय व्यापार सम्बन्धी सम्पूर्ण वाणिज्य प्रशासनका कार्यहरु गर्दै आइरहको छ। जिल्लास्थित रहेका उद्योग तथा वाणिज्य फर्महरुको कार्यालयको तर्फबाट एकल तथा संयुक्त (अन्तरसम्बन्धित निकायका प्रतिनिधीसमेतको सहभागितामा) निरन्तर बजार अनुगमन गर्ने र उद्यमी / उद्योगको प्रवर्द्धनको लागि विभिन्न स्थानीय तहमा सञ्चालन हुने मेला महोत्सवमा आवश्यक सहयोग तथा सहजिकरण लगायतका कार्यहरु समेत गर्दै आइरहेको छ।

२. <u>कार्यालयको उद्देश्य र कार्यक्षेत्रः</u>

रुपन्देही जिल्लामा उद्योग तथा व्यवसायहरुको विकास, विस्तार एवम् प्रवर्द्धनमा सहयोग पुर्‍याउन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, सहजिकरण गर्ने, महिला, दलित, आर्थिक रुपले विपन्न वर्ग, आदिवासी जनजाति, थारु, मधेशी, मुस्लिम तथा बेरोजगार व्यक्तिहरुलाई मागमा आधारित र उद्यमशील बनी जिविकोपार्जनमा टेवा पुर्‍याउने खालका सीपमुलक तालिमहरु सञ्चालन गरी रोजगारीको अवसरहरु सिर्जना गरी स्वरोजगार एवं स्वाभलम्बी बनाउनु, उद्यमशील सोंचको विकास गर्नु, औद्यौगिक जनशक्ति तयार गर्नु, उद्योग तथा व्यापारको नियमनका लागि उद्योग र वाणिज्य प्रशासन सम्बन्धि कार्य र निरन्तर अनुगमन गरी फर्महरुको नियमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनमार्फत स्वस्थ, सर्वसुलभ तथा प्रतिष्पर्धात्मक बजार निर्माणमा सहयोग पुर्‍याउनु यस कार्यालयको मुख्य उद्देश्य रहेको छ।

३. <u>कार्यालयको कार्यविवरणः</u>

- ✓ घरेलु तथा साना उद्योग तथा स्थानीय व्यापार दर्ता, नविकरण, पुँजी वृद्धि, नामसारी, ठाउँसारी, क्षमता वृद्धि उद्देश्य थप तथा संशोधन, लगतकट्टा लगायत सो सम्बन्धी अन्य कार्यहरु गर्ने,
- ✓ Exim Code सिफारिस गर्ने,
- ✓ प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्य गर्ने,
- ✓ उद्योगी/ व्यवसायीहरुलाई आवश्यक तालिम तथा प्रविधि हस्तान्तरण गर्ने,
- ✓ एकल तथा संयुक्त बजार अनुगमन गरी उपभोक्तामैत्री बजार व्यवस्थापनमा सहजीकरण गर्ने,

- ✓ उपभोक्ता हित र सोको संरक्षण सम्बन्धी सचेतना प्रदान गर्ने,
- ✓ घरेलु तथा साना उद्योग र स्थानीय व्यापारको तथ्याङ्क अद्यावधिक गर्ने ।
- ✓ मागमा आधारित विभिन्न सीपमूलक तालिम सञ्चालन गरी उद्यमशील बनाउने,
- ✓ उद्योगको सुविधा सिफारिस सम्बन्धी कार्य गर्ने।
- ✓ मेला महोत्सवमा उद्यमीहरुलाई सहभागी गराउने कार्य गर्ने ।
- ✓ दैनिक प्रशासनिक कार्यहरु तथा तालुक निकायबाट प्रत्यायोजित अन्य सम्पूर्ण सेवाहरु ।

## ४. ऐन, नियम निर्देशिकाको सूची:

- ✓ सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५,
- ✓ वाणिज्य कार्यविधि दिग्दर्शन, २०७०,
- ✓ उद्योग कार्यविधि दिग्दर्शन, २०७२,
- ✓ प्राइभेट फर्म दर्ता ऐन, २०७६,
- ✓ प्राइभेट फर्म दर्ता नियमावली, २०७६,
- ✓ साझेदारी ऐन, २०७६,
- ✓ साझेदारी नियमावली, २०७६,
- ✓ वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७,
- ✓ लुम्बिनी प्रदेश, औधोगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१ ।

५. <u>कार्यालयको संगठन संरचना र दरबन्दी विवरणः</u>

क. <u>संगठन संरचना</u>

## घरेलु तथा साना उद्योग कार्यालयको संगठन संरचना



ख. <u>कायरत कर्मचारीको विवरण</u>

| क्र.सं | कार्यरत कर्मचारीको नाम,थर | पद | श्रेणी/तह |
|---|---|---|---|
| १. | शारदा भट्टराई | प्रमुख उद्योग अधिकृत | उपसचिव नवौं तह |
| २. | लोक कुमार कार्की | वरिष्ठ उद्योग अधिकृत | अधिकृतस्तर आठौं |
| ३. | मोहन परियार | वरिष्ठ उद्योग अधिकृत | अधिकृतस्तर आठौं |
| ४. | त्रिपुरारी चाई | अधिकृत | अधिकृतस्तर सातौ |
| ५. | लक्ष्मी प्रसाद दाहाल | अधिकृत | अधिकृतस्तर छैठौं |
| ६. | शशी भट्ट | सहायक | सहायकस्तर चौथो |
| ७. | भक्त वहादुर मगर | कम्प्युटर अपरेटर | सहायकस्तर पाँचौं |
| ८. | अनन्त पन्थी | सहायक उद्यम विकास सहजकर्ता | सहायकस्तर चौथो |
| ९. | टिकाराम पाण्डे | ह.स.चा. | श्रेणी विहिन |
| १०. | नेवास कोहार | का.स. | श्रेणी विहिन |
| ११. | भरत कुमार चौधरी | का.स. | श्रेणी विहिन |
| १२. | कृष्ण घर्ति | का.स. | श्रेणी विहिन |

६. <u>कार्यालयबाट प्रदान गरिने सेवाहरुः</u>

**क.उद्योग र वाणिज्य (स्थानीय व्यापार): प्राइभेट/साझेदारी फर्म/प्रा.लि. दर्ता**

- ✓ सम्बन्धित व्यक्तिको सक्कलै नागरिकताको प्रमाणपत्र,सोको प्रतिलिपी र दुई प्रति फोटो,
- ✓ भाडा तिर्नु नपर्ने एकाघर परिवारको घर/जग्गा भए सहमति पत्र/ मन्जुरीनामा,
- ✓ साझेदारी फर्मको हकमा साझेदारहरुको कबुलियतनामा,

<u>वाणिज्य (स्थानीय व्यापार)को हकमा थपः-</u>

- ✓ फर्म रहने घर/जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी वा अन्य निस्सा,
- ✓ घरजग्गा धनिसँग कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र,
- ✓ व्यापारको प्रकृति र आवश्यकताका आधारमा सम्बन्धित निकायको सिफारिस र सर्जमिन मुचुल्का,

<u>उद्योगको हकमा थपः-</u>

- ✓ सम्बन्धित वडाको सिफारिस पत्र र सर्जमिन मूचुल्का (उद्योगको प्रकृति हेरी),
- ✓ उद्योग/ फर्म रहने स्थानको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी,
- ✓ घरजग्गा धनिसँग कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र,
- ✓ जग्गाधनिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- ✓ परियोजनाको विवरण संलग्न गरेको फाराम/ व्यावसायिक स्कीम,
- ✓ उद्योगको प्रकृति अनुसार सम्बन्धित कार्यालयको सहमति पत्र वा अन्य आवश्यक पर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र,
- ✓ प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने उद्योगको हकमा सोही अनुसारको स्वीकृत पत्र,
- ✓ प्रा.लि.कम्पनीको हकमा कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र, नियमावली, मु.अ.कर/स्थायी लेखा नं.को प्रतिलिपी, सञ्चालकहरुको नागरिकताको प्रतिलिपी, शेयर लगत, कम्पनी अद्यावधिक लगायत आवश्यक कागजातहरु ।

**ख. उद्योग नविकरण (आवश्यक कागजातहरु)**

- ✓ उद्योग दर्ता प्रमाणपत्र
- ✓ अघिल्लो आर्थिक वर्षको करचुक्ता
- ✓ पचास लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मको हकमा लेखापरिक्षण प्रतिवेदन

**ग. पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य परिवर्तन**

- ✓ उद्योगको हकमा संशोधित फारम र पूँजीवृद्धि गर्नाका कारण सहित निवेदन
- ✓ संसोधित स्किम
- ✓ IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन

**घ. उद्योगको ठाउँसारी (आवश्यक कागजातहरु)**

- ✓ ठाउँसारी गर्नुपर्ने कारण सहितको निवेदन र ख फारम
- ✓ IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
- ✓ अन्य निकायको सिफारिस वा स्वीकृति लिनु पर्ने भए सो समेत

**ङ. उद्योगको नामसारी (आवश्यक कागजातहरु)**

- ✓ नामसारी गर्नुपर्नेको मनासिव कारण खुलेको निवेदन र उद्योगको हकमाः (ख) फारम समेत,
- ✓ उद्योग दर्ता प्रमाण पत्र
- ✓ सम्बन्धित आन्तरिक राजश्व कार्यालयको सकारात्मक प्रतिक्रिया सनाखत सहितको हक छोडपत्र,
- ✓ नामसारी गरी लिनेको नागरिकताको प्रमाणपत्र ।

७. <u>सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधिः</u> - रु.

| क्र.सं. | पुँजी लगानी | दर्ता दस्तुर | नविकरण शुल्क (दर्ता शुल्को २०%) | कैफियत |
|---|---|---|---|---|
| १. | ५ लाखसम्म | १०००/- | २०० /- | स्थानीय तहले दर्ता गर्ने |
| २. | ५ लाख भन्दा बढी २० लाखसम्म | ५०००/- | १०००/- | |
| ३. | २० लाख भन्दा माथि ५० लाखसम्म | १५०००/- | ३०००/- | |
| ४. | ५० लाख भन्दा माथि | २५०००/- | ५०००/- | |

- ✓ निवेदन दस्तुर रु. १००/-
- ✓ पुँजि अनुसारको दर्ता दस्तुरको २०% ले हुन आउने रकम,
- ✓ म्याद समाप्त भएको ६ महिनासम्म दर्ता दस्तुरको २० प्रतिशत,
- ✓ त्यस पछिको १ वर्षसम्म दर्ता दस्तुरको ५० प्रतिशत,
- ✓ त्यस पछिको २ वर्षसम्म दर्ता दस्तुरको १०० प्रतिशत,
- ✓ **<u>साझेदारी फर्म / उद्योगको हकमाः</u>** दर्ता दस्तुरको १०% ले हुन आउने रकम।

८. <u>सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र कार्यालय प्रमुखको नाम र पदः</u>

| | | |
|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख उद्योग अधिकृत श्री **शारदा भट्टराई** | ९८५७०४९३७४ |

| | | |
|---|---|---|
| गुनासो सुन्ने अधिकारी | प्रमुख उद्योग अधिकृत श्री **शारदा भट्टराई** | |
| सूचना अधिकारी | वरिष्ठ उद्योग अधिकृत श्री **मोहन परियार** | ९८५७०४९३७५ |

९. <u>**सम्पादन भएका मुख्य-मुख्य कामको विवरणः (बैशाख देखि आषाढसम्म)**</u>

**क. फर्मको दर्ता, नविकरण, लगतकट्टा र संशोधन विवरणः**

| क्र.सं. | विवरण | उद्योग | वाणिज्य | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १. | दर्ता | २७८ | ३१२ | ५९० | |
| २. | नविकरण | २२० | ३४४ | ५६४ | |
| ३. | लगतकट्टा (खारेजी) | १६० | २३५ | ३९५ | |
| ४. | संशोधन | २२१ | २९५ | ५१६ | |

**ख. राजस्व संकलनः** (रु.)

| क्र.सं. | विवरण | उद्योग | वाणिज्य | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १. | राजस्व | ३१४५१८२/- | ३४८८३७५/- | ६६३३५५७/- | |

**ग. पुँजि लगानीः** (रु.)

| क्र.सं. | विवरण | उद्योग | वाणिज्य | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १. | पुँजि लगानी | १०१२८३९५००/- | ७५२००००००/- | १७६४८३९५००/- | |

**घ. उद्यमी तथा रोजगारी सिर्जनाः (जना)**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १. | उद्यमी | १५० | २२७ | ३७७ | |
| २. | रोजगारी | ३३४ | ७८४ | १११८ | |

**ङ. सीपमूलक तालिम**

| क्र.सं. | कार्यक्रमको नाम | तालिम सञ्चालन अवधि | | स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | जुत्ता उत्पादन तालिम | २०८२/१०/२० | २०८३/०१/०५ | तिलोत्तमा-४, | २० जना |
| २. | प्लम्बिङ्ग तालिम | २०८२/१०/०८ | २०८३/०१/०६ | बुटवल-४, | २० जना |
| ३. | हाउस वायरिङ्ग तालिम | २०८२/१०/०८ | २०८३/०१/०६ | बुटवल-४, | २० जना |
| ४. | बेतबाँसको सामाग्री उत्पादन तालिम | २०८२/१२/०८ | २०८३/०१/१७ | शुद्धोधन-२, | २० जना |
| ५. | उद्यमशिलता विकास तालिम | २०८३/०२/०३ | २०८३/०२/१२ | मायादेवी ७, | २५ जना |
| | | २०८३/०२/१३ | २०८३/०२/२२ | लुम्बिनी-९, रुपन्देही | ४० जना |
| | | २०८३/०३/०२ | २०८३/०३/११ | सिद्धार्थनगर-९ | ३० जना |
| ६. | उत्पादित वस्तुको गुणस्तर तथा लेवलिङ्ग सम्बन्धी अन्तरक्रिया | २०८३/०१/२४ | | तिलोत्तमा-५, | ४९ जना |
| | | २०८३/०१/३१ | | देवदह-५, | ४४ जना |
| ७. | उद्यमीहरुलाई व्यावसायिक | २०८३/०२/०१ | | शुद्धोधन-४, | ४५ जना |

| क्र.सं. | कार्यक्रमको नाम | तालिम सञ्चालन अवधि | | स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | योजना तयारी कार्यशाला | २०८३/०२/११ | | बुटवल-८, | ४१ जना |
| | | २०८३/०२/१८ | | सिद्धार्थनगर-८ | ४४ जना |
| ८. | उद्योग तथा वाणिज्य फर्महरुसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक कार्यशाला | २०८३/०२/२१ | | सिद्धार्थ उद्योग वाणिज्य संघ, भैरहवा | ४६ जना |
| ९. | श्रमिक तथा श्रमिक सञ्जालहरुसँग अन्तरक्रिया | २०८३/०२/०४ | | तिलोत्तमा-६ | ९७ जना |

**च. बजार अनुगमनः**

- **बैशाख महिनामा - ५ वटा**
- **जेठ महिनामा - ७ वटा**
- **आषाढ महिनामा - ८ वटा**

**~~~ समाप्त ~~~**